# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## हरितालिका तीज, २०८३ को शुभकमाना

नेपाली महिलाहरूको महान् एवं पवित्र पर्व हरितालिका तीजको पावन अवसरमा बागमती प्रदेश, देश तथा विदेशमा रहनुभएका सम्पूर्ण दिदीबहिनीहरूमा सुख, शान्ति, सुस्वास्थ्य एवं समृद्धिको लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

हाम्रो सांस्कृतिक परम्परामा तीज पर्वको विशिष्ट महत्त्व छ । यसले आपसी एकता, सद्भाव र सामाजिक भ्रातृत्वलाई मजबुत बनाउन ठुलो योगदान पुऱ्याउँदै आएको छ । यस वर्ष हामी हरितालिका तीज मनाइरहँदा भोटेकोशी नदीमा आएको विनाशकारी बाढी र पहिरोका कारण हाम्रो प्रदेशका कतिपय क्षेत्रहरू ठुलो प्राकृतिक विपत्तिको सामना गरिरहेका छन् । बाढीपहिरोका कारण जनधनको क्षति भएको, धेरै परिवारहरू विस्थापित हुनुपरेको र नागरिकहरूले सास्ती भोग्नुपरेको यस दुःखद घडीमा म सम्पूर्ण पीडित परिवारप्रति गहिरो सहानुभूति प्रकट गर्दछु । साथै, विपद्मा परी ज्यान गुमाउनुहुनेहरू प्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । विपत्तिको यो चुनौतीपूर्ण समयमा एकातिर पीडितहरूको उद्धार, राहत र पुनर्स्थापनामा जुट्नु हाम्रो पहिलो दायित्व हो भने, अर्कोतिर आफ्नो संस्कार र संस्कृतिलाई जीवित राख्नु पनि उत्तिकै आवश्यक छ । त्यसैले, यस वर्षको तीज पर्वलाई तडकभडक र खर्चिलो नगरी अत्यन्तै सादगी, संयमित र संवेदनशील भएर मनाउन म सम्पूर्ण आदरणीय दिदीबहिनी तथा नागरिकहरूमा हार्दिक अपिल गर्दछु । हामीले मनाउने चाडपर्वहरूले हामीलाई दुःखमा परेकाहरूलाई सहयोग गर्ने प्रेरणा दिनुपर्दछ । बाढी प्रभावित क्षेत्रका हाम्रा आमा, दिदीबहिनी र दाजुभाइहरूको आलो घाउमा मलम लगाउन र यो संकटबाट चाँडै पार पाउनका लागि आपसी सहयोग, सद्भाव र एकता प्रदर्शन गर्न यो पर्वले हामी सबैलाई थप ऊर्जा प्रदान गर्नेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, प्राकृतिक विपत्तिको सामना गरिरहेका सम्पूर्ण नागरिकहरूमा धैर्यधारण गर्ने शक्ति मिलोस् र हरितालिका तीजले हामी सबैमा सुख, शान्ति र संकटसँग लड्ने दृढ शक्ति प्रदान गरोस् भन्दै पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**२०८३ साल भाद्र २९ गते, सोमबार**
**ने. सं. ११४६ यंलाथ्वः तृतीया**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**